म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १४० २०८२ चैत २९ गते आइतबार 12 April 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## अस्पताल सेवा सुधार कार्यविधि जारी

काठमाडौं : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ‘अस्पताल सेवा सुधार कार्यविधि २०८२’ जारी गरेको छ। अस्पतालको सेवालाई जनमैत्री, पहुँचयोग्य प्रभावकारी बनाउन कार्यविधि जारी गरिएको हो। मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीका अनुसार स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुरुप कार्यविधि जारी गरेको हो। कार्यविधिअनुसार अस्पतालले प्रत्येक नागरिकलाई गुणस्तरीय सेवा सहज रुपमा उपलब्ध गराउनुपर्ने छ। बिरामीको उपचार अभिलेख र ‘फलोअप’ व्यवस्थित गर्न एकीकृत विद्युतीय अभिलेख प्रणालीको विकास, प्रयोगशाला प्रतिवेदन २४ सै घण्टा उपलब्ध गराउने, अस्पतालको फार्मेसीमा पाइने औषधि मात्र चिकित्सकले सिफारिस गर्नुपर्नेछ। यसैगरी, बिरामीलाई ‘रिफर’ गर्नुपर्ने भएमा ‘रिफर स्लिप’सहित सरकारी अस्पतालमा पठाउनुपर्ने, अस्पतालमा दैनिक आवश्यक पर्ने औषधि फार्मेसीमा मौज्दात हुनुपर्ने, कार्यालय समयभित्र र सेवा प्रवाहका बेला औषधि बिक्री प्रवर्द्धक (एमआर)लाई प्रवेश दिन पाइने छैन। स्रोत : रासस/रातोपाटी।

# ९ महिनामा १४ नयाँ एचआईभी संक्रमित थपिए

नानीमाया सापकोटा

हेटौँडा: मकवानपुरमा चालु आर्थिक वर्ष २०८२/०८३ को ९ महिनाको अवधिमा एचआईभी/एड्सका १४ जना नयाँ संक्रमितहरु थपिएका छन्। साउनयता चैत महिनासम्म जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरुमा परीक्षण पश्चात १४ जना नयाँ संक्रमितहरु थपिएका हुन्।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा ९ हजार ५ सय ५९ जनाको रगत परीक्षण गरिएकोमा ४० जनामा संक्रमण देखिएको थियो। त्यसभन्दा अघिल्लो वर्ष ७ सय ६७ जनाको रगत परीक्षणमा ३८ जनामा संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ।

अघिल्लो वर्षसम्म जिल्लामा ३ सय ६१ जना संक्रमित भई ३ सय २८ जनाले एचआईभी बिरुद्धको ‘टीएलडी’ औषधि नियमित सेवन गरिरहेकोमा हाल ३ सय ३८ जनाले नियमितरुपमा सेवन गरिरहेको हेटौँडा अस्पतालस्थित एआरटी सेन्टरले जनाएको छ। दैनिक जसो सेवन गर्नुपर्ने यस औषधिले एचआईभी भाइरसको संख्या बढ्न नदिने काम गर्दछ। यसको पूर्ण नियमित औषधि सेवनले भाइरसको संख्यामा गिरावट ल्याई शरीरको प्रतिरक्षा शक्तिलाई कायम गर्दछ। यस औषधिको अनुशासित सेवनले संक्रमितको शरीरको प्रतिरक्षा प्रणाली पूर्णतया सक्रिय हुन जाने स्वास्थ्यकर्मीको भनाइ छ।

एचआईभी तथा एड्सका संक्रमितहरुमध्ये यौनकर्मी तथा उनीहरुका ग्राहकहरु बढी रहेको एआरटी सेन्टरका परामर्शदाता राजन ठाकुरले जानकारी दिनुभयो। सेन्टरले विभिन्न गैरसरकारी संघसंस्थाहरुको समन्वयमा राजमार्ग क्षेत्रमा रहेका यौनकर्मीहरु तथा उनीहरुका ग्राहकहरुलाई परीक्षण गर्दै आएका छन्।

केही वर्षअघि सुइबाट लागूऔषध साटासाट गर्नेहरुलाई बढी संक्रमण भएको देखिएकोमा पछिल्लो समय भने यौनकर्मीहरु र ग्राहकहरुलाई नै बढी संक्रमणको जोखिम रहेको पाइएको अर्का परामर्शदाता अमृत लामिछानेले बताउनुभयो। हेटौँडा अस्पतालमा सन् २०१२ देखि जनरल वेलफेयर प्रतिष्ठान तथा एड्स हेल्थकेयर फाउन्डेसनको सहकार्यमा ‘एआरटी’ सेन्टरमार्फत एचआईभी संक्रमितहरुलाई औषधि वितरण गर्दै आइरहेको छ।

पछिल्ला वर्षहरुमा गर्भवती महिलाहरुलाई अनिवार्य रुपमा एचआईभी परीक्षण गराउने गरिएको छ। परीक्षणको क्रममा गर्भवती आमाको रगतमा एचआईभीको संक्रमण देखिए पनि पेटमा रहेको शिशुलाई सर्नबाट बचाउन सकिने हुनाले यो परीक्षण अनिवार्य गरिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले बताउनुभयो। अघिल्लो वर्ष जिल्लामा २ जना गर्भवती महिलाहरुमा एचआईभीको संक्रमण पाइएको घिमिरेले जानकारी दिनुभयो। बिरामीलाई रगत दान गर्दा र रगत लिँदा परीक्षणबिना प्रयोग गर्दा पनि यो रोग सर्न सक्छ। तर पछिल्ला वर्षहरुमा रक्तदान भइसकेपछि सो रगतमा एचआईभी परीक्षण गरेर संक्रमित नभएको भए मात्र प्रयोगमा ल्याइने गरिएको छ।

यस रोगबारे समाजमा व्याप्त भ्रम र अन्धविश्वासलाई हटाउन नसक्दा एचआईभी तथा एड्स रोग तथा संक्रमितबारे नकारात्मक सोच राख्ने गरेको पाइन्छ। त्यसैले गर्दा आफूलाई तिरस्कार गर्ने डरले संक्रमितहरु रोगबारे खुलेर बोल्न चाहँदैनन् र पहिचान खुलाउन पनि चाहँदैनन्। एचआईभी तथा एड्स छुट्टै रोग नभई शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुँदै जाने प्रक्रिया हो। यद्यपि यो सरुवा रोग भएकोले संक्रमितसँगको असुरक्षित यौनसम्पर्क, विर्य तथा रगतको लेनदेन तथा गर्भवती आमाबाट बच्चामा सर्ने सम्भावना रहन्छ। दुई दशक अघिसम्म उपचारको अभावमा एचआईभी तथा एड्स संक्रमितहरुको मृत्यु हुने गर्दथ्यो। सन् २००४ मा नेपालमा एचआईभी बिरुद्धको ‘टीएलडी’ औषधि वितरण सुरु गरेपछि भने एचआईभीलाई दीर्घरोगको रुपमा मात्रै सोच्ने प्रचलन बढेको छ।

मकवानपुरमा हालसम्म ५ सय ९३ जना एचआईभी संक्रमित भएकामध्ये हाल ३ सय ३८ जनाले नियमति औषधि सेवन गर्दै आएका छन्। हालसम्म संक्रमितमध्ये ५० जनाको मृत्यु भइसकेको सेन्टरले जनाएको छ।

## भीरबाट लडेर महिलाको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिकामा भीरबाट लडेर एक महिलाको मृत्यु भएको छ। घाँस काट्न जाँदा भीरबाट लडेर भीमफेदी-६ की ३५ वर्षीया सन्तोषी वाइबाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

शनिबार बिहान पाखामा घाँस काट्दै गर्दा भीरबाट लडेर घाइते भएकी वाइबालाई उपचारका लागि हेटौँडा अस्पताल ल्याइएको थियो। शनिबार मध्यान्ह १२ बजे अस्पताल ल्याई पुऱ्याइएकी वाईबालाई चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो।

## अमेरिकाबाट ३५ नेपाली डिपोर्ट

काठमाडौं : अमेरिकाले एकैपटक ३५ जना नेपालीलाई डिपोर्ट गरेको छ। ३५ जना नेपालीलाई चार्टर विमानमार्फत अमेरिकाले डिपोर्ट गरिदिएको विमानस्थल अध्यागमन प्रमुख नरहरी घिमिरेले जानकारी दिए। घिमिरेका अनुसार, गत ७ अप्रिल (चैत २४, मंगलबार) उनीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका हुन्। डिपोर्ट हुनेहरूमा अवैध बाटोबाट गएका १२ जना, विद्यार्थी भिसामा गएका २ जना रहेका छन्।

मानव बेचविखन अनुसन्धान व्यूरोका एसएसपी कृष्ण पंगेनीका अनुसार, अन्यलाई भने विभिन्न नियम उल्लंघन गरेको आरोपमा अमेरिकाले डिपोर्ट गरिदिएको हो। पछिल्लो दुई महिनामा अमेरिकाबाट २ सय बढी नेपालीहरू डिपोर्ट भइसकेका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएयता अमेरिकाबाट पटकपटक नेपालीहरू डिपोर्ट हुँदै आएका छन्।

ट्रम्पले पछिल्लोपटक सत्ता सम्हालेपछि अमेरिका सरकारले आप्रवासीहरुमाथि कडाइ गर्दै आएको छ। भिसा प्रक्रिया पूरा नगरेका, भिसा अवधिभन्दा बढी समय बसेका र चालचलन राम्रो नभएकाहरुलाई अमेरिकाले नियन्त्रणमा लिएर उनीहरूकै देश फर्काउने गरेको छ। अमेरिकाले कतिपय देशका नागरिकहरूलाई हतकडी र नेल लगाएर फर्काएका समाचारहरु सार्वजनिक हुने गरेका छन्। *स्रोत : अनलाइनखबर।*

# आज एसईई परीक्षा सकिँदै

समाज संवाददाता

आज एसईई परीक्षा सकिँदै

हेटौँडा: २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) आज आइतबार सकिँदैछ। देशव्यापी रुपमा चैत १९ गतेदेखि एसईई सुरु भएको थियो।

एसईईको साधारणतर्फको परीक्षा गत बिहीबार नै सम्पन्न भइसकेको छ भने प्राविधिक धारको अन्तिम परीक्षा आज आइतबार समाप्त हुनेछ। यस वर्ष मकवानपुरका सामुदायिक तथा संस्थागत गरी कुल १ सय ४२ वटा विद्यालयका विद्यार्थीहरु परीक्षामा सहभागी भएका छन्।

जिल्लामा रहेका ३७ वटा संस्थागत र १ सय ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरु एसईईमा सहभागी भएका हुन्। नियमिततर्फ ५ हजार ५ सय २७ जना र ग्रेडवृद्धितर्फ १ हजार ६ सय ६५ जना विद्यार्थीले परीक्षा फारम भरेका थिए।

१० वटा विद्यालयका विद्यार्थीहरु प्राविधिक धारको विषयमा एसईईमा सहभागी भएका छन्। २ वटा विद्यालयका विद्यार्थीहरु पूर्ण प्राविधिक धारको विषयमा मात्र परीक्षामा सामेल भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ।

जिल्लामा कुल २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो। हेटौँडा उपमहानगरपालिकामा १५ वटा परीक्षा केन्द्रहरुमा परीक्षा सञ्चालन भएको थियो। थाहा नगरपालिकामा ३ वटा, मनहरी र बकैया गाउँपालिमा दुई/दुई वटा परीक्षा केन्द्रहरुमा परीक्षा सञ्चालन भएको थियो। बाँकी स्थानीयहरुमा एक/एक वटा परीक्षा केन्द्रहरु तोकिएको थियो। एसईईका लागि २ वटा संस्थागत विद्यालयमा र बाँकी २६ वटा सामुदायिक विद्यालयमा परीक्षा केन्द्रहरु निर्धारण गरिएको थियो।

यसपटकको एसईईको उत्तरपुस्तिकाको परीक्षा केन्द्रमै परीक्षण गरिएको छ। शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीका अनुसार सबै विषयको उत्तरपुस्तिका परीक्षण भइसकेको र अहिले संकलन गर्ने कार्य जारी छ। आइतबार दिउँसोसम्म सबै उत्तरपुस्तिका जिल्लामा आइपुग्ने र त्यसपछि परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्नेछ। बैशाख ५ गतेसम्म सबै जिल्लाले परीक्षा नियन्त्रण कार्यालयमा उत्तरपुस्तिामा पठाउनुपर्ने भए पनि मकवानपुरका उत्तरपुस्तिका बैशाख २ गतेसम्म पठाइसक्ने इकाई प्रमुख गिरीको भनाइ छ। परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका जाँच गर्दा केही चुनौतीहरुको पनि सामना गर्नुपरेको उहाँले बताउनुभयो। राक्सिराङ र भीमफेदीजस्ता विकट ठाउँमा विषयगत शिक्षक नपाएकाले अन्य पालिकाका विद्यालयबाट समन्वय गरेर शिक्षक पठाएको उहाँले बताउनुभयो।

# हेटौँडा अस्पतालमा आज आधा दिन मात्र ओपिडि चल्ने

समाज संवाददाता

हेटौँडा : नेपाल सरकारले शनिबार र आइतबार बिदा दिने निर्णय गरेपछि हेटौँडा अस्पतालले आइतबार आधा दिन ओपिडि सञ्चालन गर्ने भएको छ। नेपाल सरकारले चैत्र २२ गते हप्तामा दुइ दिन सार्वजनिक बिदा दिने निर्णय गरेसँगै हेटौँडा अस्पतालले अबदेखि आइतबार आधा दिन बहिरंग सेवा (ओपिडि) दिने भएको हो।

अस्पतालका निर्देशक डा. रामचन्द्र सापकोटाका अनुसार अबदेखि हरेक आइतबार बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म ओपिडि सेवा सञ्चालन हुनेछ। आइतबार ओपिडि सेवासँगै अस्पतालको प्रशासनका केही शाखाहरु खुल्ने बताउनुभयो। डा. सापकोटाका अनुसार प्रशासन अन्तर्गत निर्देशक कक्ष, अस्पताल व्यवस्थापक कक्ष, प्रशासन कक्ष, बीमा शाखा, मेडिकल रेकर्डर शाखा तथा दर्ता रिफर काउन्टर खुल्ला रहनेछ। सोमबारदेखि शुक्रबारसम्म अस्पतालको ओपिडि बिहान ९ बजेदेखि अपरान्ह ४ बजेसम्म खुल्ने छ भने प्रशासन शाखा भने बिहान ९ बजेदेखि अपरान्ह ५ बजेसम्म खुल्ने अस्पतालले जनाएको छ।

नेपाल चिकित्सक संघले आइतबार पनि नियमित सेवा प्रवाह गर्दा आफ्नो कार्यबोझ बढ्ने भन्दै बिरोध गरिरहेको छ। यद्यपी सरकारको निर्णय फेरिएमा मात्र अस्पतालको समय हेरफेर गरिने अन्यथा यही निर्णय बमोजिम काम गरिरहने हेटौंडा अस्पतालका प्रवक्ता उत्सव चौलागाईले बताउनुभयो। अस्पतालको इमर्जेन्सी, वार्ड, आइसियु, सिटि स्क्यान, एक्सरे, फार्मेसी, अपरेसन थिएटरमा भने २४ सै घन्टा सेवा प्रवाह भइरहने भएकोले यसअघिकै नियमित हुने र दैनिक बिहानी, दिउँसो तथा रात्री गरी तीन सिफ्टमा चल्ने समेत चौलागाईले जानकारी दिनुभयो।

# विज्ञापनमा भ्रष्ट्राचार नियन्त्रणको प्रयास स्वागतयोग्य : महासंघ

समाज संवाददाता

जिरी (दोलखा) : नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको बैठकले प्रेस स्वतन्त्रताको संरक्षण, सरकारी विज्ञापन वितरणमा पारदर्शिता तथा जलवायु परिवर्तनका असरबारे जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिने प्रतिवद्धतासहित ‘जिरी घोषणापत्र’ जारी गरेको छ। दोलखाको पर्यटकीय नगरी जिरीमा शुक्रबार र शनिबार सम्पन्न बैठकमा प्रदेश समिति, अन्तर्गतका जिल्ला अध्यक्षहरू तथा प्रदेशस्तरीय पत्रकार संगठनका प्रतिनिधिहरुको सहभागितापछि जारी गरिएको घोषणापत्रमा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, सञ्चारमाध्यमको दिगोपन तथा जलवायु न्यायका विषयलाई केन्द्रमा राखिएको छ।

घोषणापत्रमा सरकारी विज्ञापन प्रकाशन-प्रसारणमा देखिएको अनियमितता तथा भ्रष्ट्राचार नियन्त्रणका लागि सरकारले थालेका पहलको स्वागत गर्दै त्यस भित्र देखिएका विकृतिहरूको निष्पक्ष छानबिन गर्न माग गरिएको छ। साथै श्रमजीवी पत्रकारहरुले सञ्चालन गरेका साना तथा स्वरोजगारमुखी सञ्चारमाध्यमको संरक्षण र प्रवर्द्धनका लागि पूर्ण समानुपातिक विज्ञापन नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारसँग आग्रह गरिएको छ। पत्रकार महासंघले स्थानीय तहदेखि संघीय तहसम्मका सरकारलाई स्थानीय स्तरमा प्रवाह हुने सूचना तथा जनचेतनामूलक सन्देशहरू स्थानीय सञ्चारमाध्यममार्फत नै प्रकाशन तथा प्रसारण हुने व्यवस्था मिलाउन ध्यानाकर्षण गराएको छ। घोषणापत्रमा नेपालको संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने कुनै पनि गतिविधि नगर्न सरकारलाई स्पष्ट आग्रह गरिएको छ।

त्यसैगरी प्रदेश सरकारका निकायमा दर्ता भएका सञ्चारमाध्यमसम्बन्धी विद्यमान अन्योलता अन्त्य गर्न संघीय र प्रदेश सरकारबीच प्रभावकारी समन्वय गरी तत्काल समस्या समाधान गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। बागमती प्रदेशमा सञ्चार क्षेत्रको संस्थागत व्यवस्थापनलाई सुदृढ बनाउन सञ्चार रजिस्ट्रार कार्यालयलाई यथावत् कायम राख्न पनि प्रदेश सरकारसँग आग्रह गरिएको छ। घोषणापत्रमा जोखिमपूर्ण रिपोर्टिङका क्रममा व्यक्तिगत सुरक्षामा विशेष ध्यान दिन पत्रकारहरूलाई अपिल गर्दै बदलिँदो समय, प्रविधि र जनअपेक्षाअनुसार व्यावसायिक, जिम्मेवार तथा स्वतन्त्र पत्रकारिताको उच्चतम अभ्यास गर्न सञ्चार कर्मीहरूलाई आग्रह गरिएको छ।

बैठकले नेपाल पत्रकार महासंघले आम श्रमजीवी पत्रकारहरुको अभिभावक तथा संरक्षकको भूमिका अझ प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याएको छ। पछिल्ला घटनाक्रमले महासंघको संस्थागत गरिमा उकास्ने विषयमा देखिएको अन्योलताले प्रदेश, जिल्ला तथा श्रमजीवी पत्रकारहरूमा नकारात्मक प्रभाव पारेको उल्लेख गर्दै यसतर्फ महासंघको केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण गराइएको छ। घोषणापत्रले प्रकृति र वातावरणीय सन्तुलन जोगाउन आदिवासी जनजाति तथा स्थानीय समुदायले पुस्तौँदेखि अभ्यास गर्दै आएको ‘रैथाने ज्ञान’लाई विज्ञानसम्मत ढंगले अभिलेखीकरण गरी नीति निर्माण तहसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ।

यसैगरी जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित महिला, दलित, गरिब तथा सीमान्तकृत समुदायको आवाजलाई समाचारको केन्द्रमा राख्ने र प्रभावित समुदायको न्यायका पक्षमा काम गर्न सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउने प्रतिवद्धता पनि व्यक्त गरिएको छ। घोषणापत्रमा पर्यटकीय नगरी जिरी तथा यस क्षेत्रका महत्वपूर्ण प्राकृतिक सम्पदामा जलवायु परिवर्तनले पारेको प्रभाव न्यूनीकरणका लागि संघीय, प्रदेश र स्थानीय सरकारलाई आवश्यक पहल गर्न आग्रह गरिएको छ।






## सम्पादकीय

# कपडा उद्योग सञ्चालनको बहस

कुनै बेला देशको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनेको हेटौंडा कपडा उद्योग करिब अढाई दशकदेखि बन्द छ । एक हजार दुई सय जनासम्मलाई रोजगारी दिएको यो उद्योग बन्द भएसँगै बारम्बार पुन: सञ्चालनको बहस हुने गरेको छ । विगतमा एकात्मक शासन व्यवस्थामा मात्र नभई देशमा संघीय शासन व्यवस्था लागू भइसकेपछि पनि संघ तथा प्रदेश दुबै सरकारले समय समयमा हेटौंडा कपडा उद्योग पुन: सञ्चालनबारे चर्चा र बहस गर्ने गरेको छ । हेटौंडा कपडा उद्योगलाई पहिलेकै अवस्थामा सञ्चालन गर्ने बहससँगै अध्ययनदेखि पुन: सञ्चालनको तयारीसमेत भइसकेका छन् । बन्द भएपछि सरकारले दुई पटक खारेजी गरिसकेको यस उद्योगको भौतिक संरचना तथा मेसिन उपकरणको उचित व्यवस्थापन नगर्दा पुन: सञ्चालनको बहस र चर्चा हुने गरेको हो ।

गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेलगतै प्रहरी प्रधान कार्यालयमा पुगेर स्वेदशमै नेपाल प्रहरीका लागि गुणस्तरीय पोसाक उत्पादन गर्नुपर्ने बताएपछि हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने कुराले चर्चा पाइरहेको छ । गृहमन्त्रीले प्रहरीको पोसाकलाई गुणस्तरीय बनाउन देशमै उच्च गुणस्तरको कपडा उत्पादन गर्ने उद्योग स्थापना गरिने बताएका थिए । उनको यो भनाइपछि नयाँ उद्योग खोल्ने कि हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउने भन्ने बहस सुरु भएको छ । हेटौंडा कपडा उद्योगको बारेमा केही दिनअघि "हेर्ने कथा"ले उजागर गरेपछि यसप्रति धेरैको चासो र चर्चा पनि सुरु भएको छ । हेटौंडा कपडा उद्योगको बारेमा सामग्री सरकारले हेटौंडा कपडा उद्योगसहित बन्द अवस्थामा रहेका आधा दर्जनभन्दा बढी उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्न अडिट गराउने तयारीसमेत गरेको छ ।

विसं २०३५ सालबाट उत्पादन सुरु गरेको हेटौंडा कपडा उद्योग २०५७ सालदेखि नियमित सञ्चालन हुन सकेको छैन । सरकारले २०६० सालमै खारेजीमा लैजाने निर्णय गरेकोमा २०६६ सालमा पुन: खारेज गरिएको थियो । केही दिनअघि संघीय संसदमा राष्ट्रिय स्वतन्त्र पार्टीका मकवानपुर क्षेत्र नम्बर-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेतीले लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनका लागि पहल गर्न सरकारलाई आग्रह गरेका थिए । यता बागमती प्रदेशसभामा पनि ललितपुरबाट निर्वाचित सांसद रामकृष्ण चित्रकारले आफू मन्त्री हुँदा कपडा उद्योग सञ्चालनको प्रयास गरे पनि सफल नभएको भन्दै बन्द उद्योगहरु पुन: सञ्चालन गर्न सरकारलाई आग्रह गरेका छन् । करिब डेढ वर्षअघि बागमती प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिको बैठकमा खण्डहर बन्दै गएको हेटौंडा कपडा उद्योग सञ्चालनको बारेमा चर्को बहस भएको थियो । नेपाली सेनाले सैनिक कल्याणकारी कोषबाट लगानी गरेर हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने भन्दै अध्ययन गरेर २०८० सालको माघमा सरकारलाई प्रतिवेदनसमेत बुझाएको थियो ।

संघ तथा प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटमा हेटौंडा कपडा उद्योग पुन:सञ्चालनको विषय समावेश गर्ने गरेको भए पनि कार्यान्वयनमा आउन सकेको छैन । उद्योगमा भएका मेसिन तथा प्रविधि प्रयोग गरेर अहिलेको अवस्थामा हेटौंडा कपडा उद्योग सञ्चालन गरेर नाफा आर्जन गर्न सक्ने सम्भावना न्यून देखिन्छ । गाउँघरमा तान लगाएर परम्परागत कपडा बुन्दै आएकाहरुलाई स्थानीय तहसँगको सहकार्यमा हेटौंडा कपडा उद्योगको मेसिन हस्तान्तरण गर्न सकेमा घरेलु उद्योगको प्रवर्द्धनका साथै रोजगारी वृद्धिमा सहयोग पुग्न सक्छ । गर्विलो इतिहास बोकेको हेटौंडा कपडा उद्योगको भौतिक संरचनामा नयाँ प्रविधिसहितको मेसिन जडान गरेर सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

**मेष** : व्यापार-व्यवसाय ठिकै रहने समय छ ।
**वृष** : समस्यासँग जुध्दा राम्रो रहने समय छ ।
**मिथुन** : घरायसी काममा व्ययभार बढ्ने समय छ ।
**कर्कट** : परीक्षामूलक काममा सफलता होला ।
**सिंह** : अनुयायीले साथ दिने समय योग देखिन्छ ।
**कन्या** : पारिवारीक वेमेललाई मिलाउनुपर्ने समय छ ।
**तुला** : दौडधूपमा समय व्यतित हुने समय छ ।
**वृश्चिक** : जिम्मेवारी र थप दायित्व बढ्ने समय छ ।
**धनु** : निर्णयात्मक र व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्ला ।
**मकर** : कुरा काट्नेहरुसँग सजगता अपनाउनुपर्ला ।
**कुम्भ** : स्थिर सम्पत्ति र शेयर कारोबारबाट लाभ होला ।
**मीन** : संघर्ष नै महत्वपूर्ण अंग रहने देखिन्छ ।

### परिवर्तन र आशाको प्रतीक

# रवि लामिछाने र नयाँ पुस्ता

**अब त्यो समय रहेन, पढेका विज्ञहरू राजनीतिमा आउन थालेपछि राजनीतिको गुणस्तर नै बढ्न थाल्यो र देशमै केहि गरौं भन्ने भावना प्रवल भएर आयो । नयाँ चेतनाको प्रवर्द्धक रास्वपा र रविलाई जान्छ । अब देशले कोल्टे फेर्छ, सरकारको गति हेर्दा आशा गर्ने ठाउँ छ ।**



**बिशभ अधिकारी**

रवि लामिछाने वर्तमान राष्ट्रिय राजनीतिको केन्द्रमा रहेको चर्चित पात्र हुन् । छोटो समयमा यिनले रास्वपालाई दूईतिहाई नजिकको सरकार बनाउने तहमा पुऱ्याए । बालेन शाहलाई पनि यिनैको उदारता र त्यागले जोड्न मद्दत पुऱ्यायो । रविका बारेमा यो देशमा धेरै बहस र छलफल भयो । रविलाई ठगको पगरी गुथाईयो । सहकारीसँग जोडियो । न्यायिक हिरासतमा राखेर दुख दिने काम भयो । उनि निर्दोष छन् कि दोषी त्यो न्यायिक निरूपणको विषय हो । त्यो अदालतको विचाराधिन मुद्दामा प्रवेश नगरौं । यहाँ रविले राजनीतिमा गरेको महत्वपूर्ण कामको विषयमा चर्चा गर्न खोजेको मात्र हो ।

रास्वपा गठनमा रविले जति मान्छे जम्मा गरे ति आआफ्ना विषयका जानकार त थिए नै तर ति नवयूवाहरूलाई स्पेश दिने कामको आरम्भ यिनले गरे । कांग्रेस, एमाले, राप्रपा र हिजोका माओवादीहरूले कहिले यूवालाई यो तहको स्पेश दिएनन् । त्यतिमात्र होइन, यि पार्टीहरूले अहिले सांसद भएका कतिपय मान्छेलाई यि पार्टीले वडा तहको टिकट पनि दिँदैन थिए ।

आजको संसदमा ४० वर्ष मूनिका सांसदको संख्या उल्लेखनीय रहेको छ । २५ वर्षदेखि ३० का सांसद पनि राम्रै उपस्थिति छ । यसको देन जेन जी आन्दोलनलाई जान्छ, भने अर्कोतर्फ रवि लामिछाने यस भन्दा अगाडि नै नवयूवाहरूलाई प्रोत्साहित गरेर अघि बढाएको दृष्टान्त छ । तात्कालिन संसदमा युवाको रूपमा, सुमना, तोसिमा, सोबिता, मनिष, हरि ढकालहरु दर्जनौ नयाँलाई उनले अवसर दिए । जबकि कांग्रेस, एमाले, राप्रपा र हिजोका माओवादीहरूमा आज पनि बुढाहरू नेतृत्व छाड्न तयार छैनन्, कांग्रेसमा एकथरि बहादुरहरूले गगनलाई सभापति मान्दैन, एमालेमा त्यहि छ, राप्रपामा कमल, लोहनी, पशूपति पाए अहिलेपनि नेतृत्व लिन तयार छन् । प्रचण्डको पार्टी त बुढाहरूको पार्टी हो । माधव, झलनाथ, बामदेव यि रिटायर्डहरूको बर्चस्व छ । यस्तो अवस्था नवयूवाहरूको हातमा देशको शासन सत्ता छ । ३५ वर्षका बालेन प्रधानमन्त्री छन् त्यो भन्दा कम उमेरका मन्त्रीहरू छन् ।

बुढाहरूको अनुभवले मात्र देश बन्ने भए बनिसक्थ्यो । हामीकहाँ नेतृत्व पोखरीको फोहर जस्तो जाम भएर बस्यो । उमेर पुगेका बुढाहरूले सम्मानजनक बहिर्गमन हुन जानेनन्, शक्ति र सत्ताको मोहले तिनलाई आर्यघाट पुग्दा नि छोडेन । गएको निर्वाचनले एउटा पूरानो पुस्तालाई मतादेशको निर्णयबाट अपदस्त गरियो । अझ पनि यिनका अवशेष बाँकी नै छ । करिब तीन दशक भन्दा बढी पूराना तीन पार्टीका करिब एक दर्जन मानिसले देशमा पालैपालो सेन्डिकेट मार्फत शासन संचालन गरे । यिनले अस्तिसम्म पनि म नै राज्य हुँ भन्थे । जब जनताको झापट यिनका गाला पऱ्यो बल्ल यिनले आफ्नो घरातल थाहा पाए । यो जादूमयी परिस्थिति निर्माणमा रवि लामिछानेले कुशल भूमिका निर्वाह गरे । हिजोको दिनमा सांसद कस्ता हुन्थे, गोबर गणेश अनपढ उभिएर बोल्दा पूरा वाक्य भन्न नसक्ने, पढाई हेर्दा लाज लाग्ने अवस्था थियो ।

अझ राजनीतिमा त पढेको मान्छे चाहिँदैन, पछाडिको बेन्चमा बस्नेहरूले गर्ने हो भन्ने भाष्य निर्माण गरियो । अब त्यो समय रहेन, पढेका विज्ञहरू राजनीतिमा आउन थालेपछि राजनीतिको गुणस्तर नै बढ्न थाल्यो र देशमै केहि गरौं भन्ने भावना प्रवल भएर आयो । नयाँ चेतनाको प्रवर्द्धक रास्वपा र रविलाई जान्छ । अब देशले कोल्टे फेर्छ, सरकारको गति हेर्दा आशा गर्ने ठाउँ छ । परिवर्तनको ढोका खूलेको छ । सरकारले सुशासन १०० कार्ययोजना सार्वजनिक गरेको छ । अकुत सम्पत्ति थुपार्ने माथि अनुसन्धान प्रारम्भ गरिएको छ । देउवा दम्पत्ति माथि सम्पति शुद्धीकरणको मुद्दा चलाइएको छ । जेन जी आन्दोलनमा देउवाको घरमा अकुत धनराशि भेटिएको थियो । त्यो एआई निर्मित हो भनेर भ्रम पनि छरियो, अब त्यो अनुसन्धानको विषय भएको छ । सरकारले विस्तारै सबैको फाईल खोल्दैछ ।

बालेन सरकार पूरानो दलको सरकार भन्दा फरकशैलीबाट अघि बढ्दैछ । भर्खर बिवादित श्रममन्त्रीलाई बर्खास्त गरिएको छ । सुशासनको अनूभूति बिस्तारै देखिन थालेको छ । यहि पृष्ठभूमिमा उपसभामुखको विषयमा पार्टी अध्यक्ष र प्रधानमन्त्रीबीच तालमेल नभएको समाचारले सबैलाई दुखी बनाएको छ । यो दूईतिहाई नजिकको सरकार हो । यसलाई संसदमा र जनताको बीच चुनौति दिन सकिँदैन । यसले अकण्टक आफ्नो कार्यकालसम्म काम गर्छ नै । यो सरकारले कसैसँग अपवित्र सम्झौता गर्नु पर्दैन । तर पार्टी भित्र बेमेल भयो, पार्टी र सरकारको तालमेल बिग्रियो भने त्यो दुर्भाग्य नै हुन्छ । अहिले बजारमा रवि र बालेन बीच तिक्तता छ भनेर ठूलो भ्रमको खेति हुँदैछ । विगतका पुराना पार्टी जस्तै प्रवृत्ति यसमा देखियो भने त्यसले सबै जोगी कानै चिरेको भन्ने सन्देश प्रवाह हुन्छ र जुन फागुन २१ गतेको मतादेशको विपरित कदम हुन्छ ।

रवि लामिछानेले यो यथार्थ बुझेका छन् । त्यसैले त उनले त्याग देखाएर बालेन्द्र शाहलाई अघि बढाएका हुन् । देश बनाउने हुटहुटी बोकेको सरकारलाई अब गलत गर्ने छुट छैन । सरकारको गति तीव्र छ । जेन जी आन्दोलनको मर्म अनूरूप केपि, लेखकहरू पक्राउ परेका थिए । तर विधि, प्रक्रिया मिलाइएन भन्ने आरोप सरकारले खेप्यो । कानूनसम्मत ढंगबाट आरोपीलाई सजाय दिलाउनुपर्छ । अहिले केपि, लेखक छूटेका छन् । अदालतले परमादेश जारी गरेर केपि, लेखकलाई थूनामुक्त गर्नु भन्यो । तसर्थ सरकार कानुन, विधिसम्मत ढंगले अघि बढ्नु पर्छ । भ्रष्ट्राचारको फाईल अब खोल्दै जानुपर्छ, अकुत सम्पति थुपार्नेहरूको छटपटाहट सुरू भैसकेको छ । अर्को तर्फ निजि क्षेत्र र व्यापारीहरूका लागि अर्थमन्त्रीले केहि सुधारात्मक कार्यक्रम घोषणा गरेका छन् भने अर्को तर्फ हिजोदेखि शक्तिको आडमा गैर कानूनी रूपमा आर्जन गरेको सम्पति अब अनुसन्धानको दायरामा आएको छ । त्यस्तै यातायात, मालपोत कार्यालयमा हुने बिचौलिया हटाउने कार्यले सेवाग्राहीहरूले सहज महसुस गरेका छन् । रवि लामिछाने जसको नेतृत्वमा एउटा युग परिवर्तन भएको छ । जेन जीहरूको माग र मुद्दामा आफ्नो पार्टीलाई एकाकार गराएर रवि लामिछानेले परिवर्तनलाई आत्मासात गरेका छन् । रास्वपको घण्टीमा यत्रो आकर्षण पछाडि पुराना दलहरूको अर्कमण्यता हो र परिवर्तन चाहने जनमत हो । तसर्थ देश बनाउने यो महान अभियानमा सबै जुटौं । हामी सबैको शत्रु गरिबी, अशिक्षा, बेरोजगारी हो । योसँग सबै नेपाली मिलेर लडौं ।

अस्तू ।

# नेपाली शिक्षा प्रणाली र बालबालिकाको भविष्य

**शिक्षा प्रणालीमा परिवर्तन गर्दैमा समग्र शिक्षाको विकास हुन सक्ला ? त्यसका लागि शिक्षकको भूमिका पनि महत्वपूर्ण रहन्छ । अबको शिक्षा कक्षा पढ्ने, डिग्री हासिल गर्ने मात्र नभएर सीपयुक्त र व्यवहारिक शिक्षा प्राप्त गर्ने विद्यार्थी उत्पादन गर्ने खालको हुनुपर्दछ ।**



**केपी शर्मा**

नेपालको इतिहास अध्ययन गर्ने हो विभिन्न कालखण्डमा फरक-फरक शिक्षा प्रणाली अपनाउँदै देश अगाडि बढेको देखिन्छ । जब-जब देशमा राजनैतिक परिवर्तनहरु भए तत्पश्चात शिक्षामा पनि समयानुकूल परिवर्तनहरू हुँदै गयो । शिक्षा निरन्तर चल्ने प्रक्रिया अन्तर्गत विभिन्न समयमा शिक्षा प्रणालीमा पनि सुधार र संशोधन हुँदै गयो । शिक्षाको विकासका लागि शिक्षाको संरचना पनि परिवर्तन हुँदै आएको छ । बदलिँदो विश्व परिवेश र शिक्षामा आएको आमूल परिवर्तनलाई आत्मसाथ गर्दै नेपाल सरकारले पनि प्रत्येक १०/१० वर्षमा शिक्षाको राष्ट्रिय पाठ्यक्रममा परिमार्जन गर्दै लागु गर्दै आएको छ । हाल देशमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ स्वीकृत भई २०७६/५/२० गतेदेखि कार्यान्वयनमा रहेको छ ।

हाल नेपालमा बाल विकास शिक्षा (इसिइडि) अर्थात (अर्ली चाइल्डहुड एजुकेशन डेभलप्मेन्ट) मा आधारित प्रारम्भिक बाल कक्षाबाट विद्यालय शिक्षाको सुरुवात हुन्छ । बालबालिकाहरु ४ वर्ष उमेर पूरा भएपछि बल्ल प्रारम्भिक बाल कक्षा अर्थात शिशु (इसिइडि) मा भर्ना हुन योग्य मानिन्छ । त्यसका लागि जन्मदर्ताको प्रमाणपत्र विद्यालयमा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । यसको सिकाइ सक्षमता निर्धारण गरिएको छ । सामुदायिक विद्यालयमा यो माथि उल्लेखित कानूनी व्यवस्था लागू गरे तापनि अभिभावकहरु आफ्ना बालबालिकालाई ३ वर्षमै विद्यालयमा भर्ना गर्न इच्छुक हुन्छन् । सरकारी विद्यालयमा निशुल्क र अनिवार्य शिक्षा पाइन्छ भन्ने सोँच राखेर उमेर नपुगीकन नै विद्यालयमा पठाउन र नाम दर्ता गर्न तम्सिन्छन् । यसरी हेर्दा एकातिर बालबालिकाहरुलाई स्कूल पठाउने चाहना राख्नु सकारात्मक पक्ष हो भने अर्कोतिर मस्तिष्कको उचित विकास नभइकन र सिक्ने उमेर पूरा नभइकन स्कूल पठाउन खोज्नु मुर्खता मान्नु पर्छ ।

अहिले शिक्षा विज्ञको सुझाव मान्ने हो भने बालबालिकाहरु ५ वर्ष पूरा नभई विद्यालम पठाउन मिल्दैन । किनभने त्यसअघिको उमेर खेल्ने, मनोरञ्जन गर्ने र आराम गर्ने र आमा बासँग माया प्राप्त गरी समय बिताउने बाल उमेर हो । यसलाई पूर्वबाल्यावस्थाको उमेर भनिन्छ । तर नेपालमा हालसम्म पनि अभिभावकहरु आफ्नो बालबालिकाको जन्मदर्ता गर्न पनि वडा कार्यालयमा जाँदैनन् । सयममा जन्मदर्ता गर्नुपर्छ भन्ने चेतनाको कमि र अज्ञानताका कारण पनि हुन सक्छ । अर्कोतिर जन्मदर्ताको आवश्यकता र महत्व नबुझेर पनि बालबालिकाहरु जन्मसिद्ध जन्मदर्ताको अवसरबाट बञ्चित हुन्छन् । विद्यालय शिक्षा पूरा गरेर नागरिकता लिने उमेर १६ वर्ष पूरा हुँदासम्म पनि जन्मदर्ता बनेको हुँदैन । बच्चा जन्मेको ३५ दिन भित्र उसको जन्मदर्ता गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । नागरिकता प्रमाणपत्र लिन पनि पहिले जन्मदर्ता गर्नु अनिवार्य छ । विद्यालयको शिक्षा प्रमाणपत्र र जन्मदर्ताको प्रमाणपत्रको आधारमा नागरिकता र राष्ट्रिय परिचयपत्र बनाउन मिल्छ । यसरी बालबालिकाको बाँच्न मनोरञ्जन प्राप्त गर्न र शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कसैले हनन् गर्न हुँदैन ।

तर आजभोलि शिक्षामा व्यावसायीकरण हुँदै गएको छ । निजी क्षेत्रमा खुलेका विभिन्न मन्टेश्वरीमा आधारित स्कुल र प्रि-स्कुलहरूले अढाई वर्ष मात्र पूरा भएका बालबालिकाहरूलाई भर्ना गरेर ज्यादै धेरै शुल्क असुल्ने गरेको पाइन्छ । आमाको न्यानो काखमा रमाउने र आमा बाबुको हेरचाहमा बस्नु पर्ने बच्चाहरू यस्ता सिकाइ केन्द्र वा शिशु स्याहार केन्द्रमा गएर दिनभर बिताउनु पर्ने अवस्था छ । यसको नियमन र सञ्चालनको कानूनी स्वीकृती कसले दिन्छ ? शिक्षाको संरचनामा यो व्यवस्था छ कि छैन ? सम्पूर्ण अभिभावकहरु प्रष्ट हुनु आवश्यक छ जस्तो लाग्छ । तर आजभोलि एउटै वडामा ४ वटासम्म खुलेका छन् यस्ता प्रि स्कूलहरु । ५०० मिटरको दूरी पनि नपुगी नेपाल सरकारले के आधारमा यस्ता स्कुलहरू खोल्न कुन निकायले अनुमती प्रदान गऱ्यो ? त्यसको प्रष्ट जानकारी पाउनु आम अभिभावकको अधिकार रहन्छ ।

हो उनीहरुले बारेमा जान्नु बुझ्नु पर्दछ । कतिपय अभिभावकहरुले आफ्नो कार्यव्यस्तताका कारण त्यस्ता बाल स्कूलमा लगेर जिम्मेवारी प्रदान गर्छन् । यसवापत सञ्चालकले भनेजति शुल्क बुझाउन स्वीकार गर्छन् । अर्कोतिर अंग्रेजी माध्यममा पठाउने प्राइभेट बोर्डिङहरुले नर्सरी कक्षा सुरु गरेर उमेर पूरा नभएका साना बालबालिकाहरुलाई भर्ना लिन्छन् । अभिभावकबाट नियम विपरित शिक्षा शुल्क असुल्छन् । यसो हेर्दा अभिभावकको मन्जुरीमा लिएको भने तापनि उनीहरु बाध्यतावश उनीहरू शुल्क तिर्न स्वीकार्नु पर्ने देखिन्छ । यस्तो अवस्थाको अन्त्य कहिलेसम्म ? शिक्षामा दोहोरो नीति राज्यले कहिलेसम्म लिने ? समयमै सरकारले यस बारेमा उचित कानून बनाएर नियमन र निमन्त्रण गरोस् ।

हरेक वर्ष स्थानीय तहले भर्ना शुल्क र मासिक शुल्क निर्धारण गरेर निजी विद्यालयलाई दिए तापनि त्यस्तो निर्देशनको पालना गरेको पाइँदैन । आफ्नो अनुकुल हुने गरी विभिन्न शुल्क निर्धारण गरी अभिभावकसँग जबरजस्ती असुल्ने गरेको पाइन्छ । यो वर्ष पनि नेपाल सरकार शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयबाट निजी स्कुलहरूले लिन पाउने शुल्क सम्बन्धमा एउटा निर्देशन जारी गरेको छ । यसलाई सबै स्थानीय तह मार्फत नियमन र प्रभावकारी कार्यान्वयन गर्न पनि पत्राचार गरेको छ । यस निर्देशन अनुसार कुनै पनि निजी विद्यालयहरुले एउटा विद्यार्थीसँग सुरु कक्षामा भर्ना शुल्क लिएपछि पुन: अर्को वर्ष भर्ना शुल्क भनेर लिन पाइने छैन । भर्ना शुल्क निर्धारण गर्दा २ महिना बराबरको मासिक शुल्क भन्दा बढी शुल्क लिन नपाइने व्यवस्था पनि गरेको छ । हेरौं यस्तो निर्देशनको पालना गर्न र गराउन स्थानीय सरकार कति सक्षम हुनेछ ।

सामुदामिक विद्यालयको सन्दर्भमा कुरा गर्दा कुनैपनि शिक्षण शुल्क विद्यार्थीसँग लिन पाइने छैन । सामुदायिक विद्यालयमा अध्ययन गर्ने माध्यमिक तह सम्मका शिक्षा निशुल्क हुने व्यवस्था नेपालको संविधान २०७२ मा स्पष्ट उल्लेख गरेको पाइन्छ । तर अंग्रेजी माध्यमा अध्यापन गर्ने विषय राखेर त्यहाँ पनि केही शुल्क लिने गरेको पाइन्छ । अभिभावकहरुले भने निशुल्क शिक्षा प्राप्त गर्ने संवैधानिक हक हनन् भएको गुनासो गर्दछन् । २०३२ सालदेखि नेपालको कानूनमा प्राथमिक तहको (१-५) शिक्षा निशुल्क भनिए तापनि उक्त कानून कार्यान्वयन हुन सकेको छैन । त्यसैले २०८२/११/२१ गतेको प्रतिनिधिसभाको निर्वाचनबाट झण्डै दुई तिहाइको बहुमत प्राप्त सरकारले नयाँ विद्यालय शिक्षा ऐन लागु गरेर शिक्षा प्रणालीमा आमूल परिवर्तन गरी बालबालिकाको भविष्य सुनिश्चित गर्नु पर्दछ । निशुल्क पढ्न पाउनुपर्ने बालबालिकाको नैसर्गिक अधिकारको संरक्षण हुने शिक्षा नियमावली बनाउनु ढिलो भइसकेको छ ।

शिक्षा प्रणालीमा परिवर्तन गर्दैमा समग्र शिक्षाको विकास हुन सक्ला ? त्यसका लागि शिक्षकको भूमिका पनि महत्वपूर्ण रहन्छ । अबको शिक्षा कक्षा पढ्ने, डिग्री हासिल गर्ने मात्र नभएर सीपयुक्त र व्यवहारिक शिक्षा प्राप्त गर्ने विद्यार्थी उत्पादन गर्ने खालको हुनुपर्दछ । शिक्षालाई सीपसँग जोडेर प्राविधिक जनशक्ति उत्पादन गर्ने खालको पाठ्यक्रम र नीति नियम बनाउनु पर्दछ । त्यसका लागि शिक्षकलाई पनि समय समयमा कक्षा व्यवस्थापन सम्बन्धी तालिम, पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम तथा विद्यार्थीलाई ध्यान विचलित भएको अवस्थामा पुन: ध्यानाकर्षण गराउने तालिम (प्रशिक्षण) दिनु पर्दछ । साथै आजको युग प्रविधि र आविस्कारको युग भएकोले शिक्षकलाई पनि नयाँ शैक्षिक सत्रको सुरुमा प्रविधि सम्बन्धी प्रशिक्षण दिएर सक्षम बनाउनु पर्दछ । यसो गर्न सकेमा शिक्षामा सुधार भई बालबलिकाको भविष्य सुनिश्चित हुन सक्छ ।

# जनस्वास्थ्यद्वारा मकवानपुरगढीमा एकीकृत स्वास्थ्य शिविर



*एकीकृत स्वास्थ्य शिविरमा स्वास्थ्य परीक्षण गराउन आएका स्थानीय ।*

समाज संवाददाता

हेटौंडा : जनस्वास्थ्य कार्यालय मकवानपुरले मकवानपुरगढी गाँउपालिकामा एकीकृत जनस्वास्थ्य र पोषण अभियान तथा विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न गरेको छ । शुक्रबार मकवानपुरगढी गाँउपालिकाको समन्वयमा वडा नम्बर १ स्थित आँपटार आधारभूत स्वास्थ्य केन्द्रमा शिविर सम्पन्न भएको हो ।

स्वास्थ्य शिविरमा ४ सय १७ जना सेवाग्राहीले विशेषज्ञ सेवा प्राप्त गरेका छन् । शिविरमा ८ जना विशेषज्ञ डाक्टरसहितको स्वास्थ्यकर्मीहरुको २ सय ५४ महिला तथा १ सय ६३ जना पुरुष सेवाग्राहीहरुले विशेषज्ञ सेवा प्राप्त गरेका हुन् । यिमध्ये सबैभन्दा बढी नसर्ने रोगहरुको २ सय ४६ जना सेवाग्राहीले स्वास्थ्यजाँच गराएका थिए । यस्तै जनरल फिजिसियन सेवा ७८ जनाले लिएका छन् । स्त्री तथा प्रसुति स्वास्थ्यमा ३२ जना, नाक, कान तथा घाँटीसम्बन्धी ३२ जना, हाडजोर्नी तथा नसा सम्बन्धी ८१ जना, आयुर्वेद सम्बन्धी १ सय १४ जना, मनोसामाजिक परामर्श सेवा २१ जनाले प्राप्त गरेका थिए । शिविरमा ४१ जना बालबालिकाहरुको बाल स्वास्थ्य सम्बन्धी सेवा प्रदान गरिएको थियो ।

महिलाहरुका लागि पाठेघरको मुखको क्यान्सर परीक्षण सेवामा १ सय २८ जना महिलाहरुले परीक्षण सेवा प्राप्त गरेको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिनुभयो । पाठेघरको मुखको क्यान्सर सम्बन्धी परीक्षण गराएका मध्ये २ जना क्यान्सरका शंकास्पद अवस्था देखिएकोले थप उपचारका लागि सिफारिस गरिएको र पाठेघरमा समस्या भएका २ जनालाई रिङ पेसरी लगाइएको पनि घिमिरेले स्पष्ट पार्नुभयो । यसबाहेक स्वास्थ्य जाँच गरिएका बिरामीहरुलाई निशुल्क औषधी समेत वितरण गरिएको थियो । कार्यक्रममा स्वास्थ्य सेवासँगै आधारभूत पोषणका खाद्य परिचय सहितका प्रदर्शन गरिएको थियो ।

शिविरको उद्घाटन कार्यक्रममा मकवानपुरगढी गाँउपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतान, जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठ, पालिकाका प्रमुख प्रशासकीय प्रमुख सुधन लामिछाने, वडाध्यक्ष आइत सिं लो, पालिकाका जनस्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछाने लगायतको उपस्थिति रहेको थियो ।

# संघीय सरकारको 'शून्य बाँकी फाइल अभियान'




काठमाडौं : संघीय सरकारले 'शून्य बाँकी फाइल अभियान' यही चैत ३० गतेदेखि आगामी वैशाख ७ गतेसम्म सञ्चालन गर्ने भएको छ । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै सरकारी कार्यालयले 'शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८२' सार्वजनिक गरेको छ ।

कार्यालयमा दर्ता भएका फाइल, सुरुवात भएका टिप्पणीलगायतका फाइल विभिन्न तह र टेबलमा अनावश्यक रूपमा थन्किने, निर्णयमा ढिलाइ हुने प्रवृत्ति रोक्नका लागि यस्तो अभियान सञ्चालन गर्न लागिएको प्रधानमन्त्री कार्यालयले उल्लेख गरेको छ । यस्तै, तलै कार्यान्वयन गर्नुपर्ने फाइल अनावश्यक रूपमा माथिल्लो तहमा पठाइने तथा सेवाप्रवाह प्रभावित हुने अवस्थालाई न्यूनीकरण गर्न सबै सरकारी कार्यालयमा शुन्य बाँकी फाइल सप्ताहअभियान सञ्चालन गर्न लागिएको स्पष्ट पारिएको छ । यस अभियानको मुख्य उद्देश्य कुनै पनि चालु अवस्थामा रहेका फाइल अनिश्चित समयसम्म अड्केर नबसोस्, जिम्मेवारी स्पष्ट होस् र काम हुने वा नहुने विषयको समयमै टुङ्गो लागोस् भन्ने रहेको छ ।

सोही उद्देश्यले यही चैत ३० गतेदेखि आगामी वैशाख ७ गतेसम्म सबै सरकारी कार्यालयमा शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालनका लागि मार्गदर्शन जारी गरिएको उल्लेख गरिएको छ । मार्गदर्शन अनुसार, कार्यालयमा थन्किएका तथा अनिर्णित फाइलको प्रक्रिया पूरा गरी शीघ्र टुङ्गो लगाउनु, कुन फाइल कुन पदाधिकारी समक्ष कति दिन रह्यो भनी दैनिक रूपमा अभिलेख राख्नु रहेको छ । मार्गदर्शनअनुसार, अब तीन दिन, सात दिन वा १५ दिनभन्दा बढी समयदेखि रोकिएका फाइलमा स्वत: समिक्षा प्रक्रिया लागू गर्नुपर्नेछ । निर्णय गर्न सकिने विषयलाई अनावश्यक रूपमा माथिल्लो तहमा नपठाइ सम्बन्धित तहबाटै टुङ्ग्याउने पद्दतीको विकास गर्नुपर्नेछ । काम हुने वा नहुने फाइलको स्पष्ट टुङ्गो लगाउनु र सेवा प्रवाहमा गति, पारदर्शिता र उत्तर दायित्व अभिवृद्धि गर्नुपर्नेछ ।

दैनिक रूपमा प्रत्येक कार्यालय, महाशाखा, शाखा वा एकाइले दैनिक रूपमा दर्ता नम्बर, टिप्पणी फाइलको विषय, दर्ता मिति, हाल फाइल रहेको टेबल वा जिम्मेवार कर्मचारी वा पदाधिकारी, उक्त टेबल वा तहमा बसेको दिन सङ्ख्या, कुल पेन्डिङ दिन, हाल फाइलको प्रगति अवस्था, ढिलाइ हुनाको कारण र निर्णय हुने अपेक्षित मितिसहितको विवरणसहितको फाइल सूची तयार पार्नुपर्ने मार्गदर्शनमा समावेश छ । मार्गदर्शनअनुसार, फाइल ट्र्याकिङलाई अभियानको मुख्य आधार मानिनेछ । हरेका कार्यालयले स्पष्ट रूपमवा देखिने गरी कुन फाइल कहाँ कसको जिम्ममा, कति दिनदेखि रहेको छ भन्ने विवरण दैनिक रुपमा अद्यावधिक गर्नुपर्नेछ । यस्तै, पूराना फाइलको प्रारम्भिक समिक्षा गर्नुपर्नेछ । एक टेबलमा वा तहमा तीन दिनभन्दा बढी रहेको फाइलमा सम्बन्धित शाखा प्रमुख वा जिम्मेवार अधिकारीले कारण समीक्षा गरी तुरुन्त निर्णय वा कार्यान्वनय प्रक्रियामा अगाडि बढाउनुपर्नेछ ।

सात दिनभन्दा बढी रोकिएका फाइलमा महाशाखा प्रमुख वा कार्यालय प्रमुखस्तरबाट अनिवार्य समीक्षा गरी ढिलाइको कारण पत्ता लगाउने, जिम्मेवार पक्ष स्पष्ट गर्ने र टुङ्ग्याउने समयसीमा तोक्नुपर्ने व्यवस्था मार्गदर्शनले गरेको छ । शून्य बाँकी फाइल सप्ताह अभियान समन्वय समिति गठन गरिएको छ । सो समितिमा कार्यालय प्रमुख संयोजक, सम्बन्धित महाशाखा प्रमुख, प्रशासन प्रमुख योजना अनुमगन शाखा प्रमुख सदस्य रहनेछन् । यस्तै, सूचना प्रविधि प्रतिनिधि र कार्यालय प्रमुखले तोकेको कर्मचारी भने सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

मार्गदर्शनले कार्यालय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुखको पनि काम कर्तव्य तथा अधिकार स्पष्ट पारेको छ । अभियान अवधिभर प्रत्येक कार्यालयले दैनिक प्रगति विवरण राख्नुपर्नेछ । त्यसमा सुरुमा रहेको कूल पेन्डिङ फाइल संख्या, अभियान अवधिमा प्राप्त नयाँ फाइल संख्या, टुङ्गिएका फाइल संख्या, बाँकी रहेका फाइल संख्या, १५ दिनभन्दा पूराना बाँकी रहेका फाइल संख्या र मुख्य समस्या तथा सुधारका लागि सुझाव उपलब्ध गराउनुपर्नेछ । यो अभियान सञ्चालनपछि पेन्डिङ फाइदको संख्या घट्ने, जिम्मेवारी स्पष्ट हुने, निर्णय प्रक्रियामा गति आउने, सेवा प्रवाहमा सुधार हुने, कार्यालयमा फाइल थन्किने संस्कारमा कमी आउनेछ । यस्तै, अभियान प्रभावकारी रूपमा सञ्चालन गर्ने कर्मचारीलाई प्रशंसा, प्रमाणपत्र वा उपयुक्त प्रोत्साहन दिन सकिनेछ । यस्तै, जानाजान फाइल थन्क्याउने, अनावश्यक ढिलाइ गर्ने वा जिम्मेवारीबाट पन्छिने कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम विभागिय कारवाही प्रक्रिया अगाडि बढाउन सकिने छ ।

*स्रोत : रासस/रातोपाटी ।*

# प्राधिकरणलाई सहकारीले स्वीकारेनन् नियामक

काठमाडौं : बचत तथा ऋण सहकारी संस्था तथा संघले राष्ट्रिय सहकारी प्राधिकरणलाई नियामकका रूपमा स्वीकार गर्नै आनाकानी गरेका छन् । गत वर्ष नियामकका रूपमा गठन भएको प्राधिकरणले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ तथा संस्थालाई दर्ता हुन आह्वान गरेको थियो । तर, देशभरि ३२ हजार सहकारी संस्था रहेकोमा प्राधिकरणले दिएको सीमाभित्र २ हजार २ सय ६२ मात्रै दर्ता भएका छन् ।

प्राधिकरणमा दर्ता भएपछि गलत अपारदर्शी कारोबार खुल्ने वा नियमनको झन्झट बेहोर्न पर्ने भन्दै नियामकमा दर्ता हुनै नचाहेको सरोकारवालाले बताएका छन् । सहकारी क्षेत्रको समस्या समाधान गर्न भन्दै संसद्ले सहकारी ऐन २०७४ संशोधन गरेर राष्ट्रिय सहकारी प्राधिकरण गठन गर्ने व्यवस्था गरेको थियो । सोही अनुसार सरकारले प्राधिकरण गठन गरेको छ । सहकारी ऐनको दफा २० (क) मा यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरू प्राधिकरण वा प्राधिकरणले तोकेको निकायमा दर्ता भइसक्नुपर्ने व्यवस्था छ ।

ऐनको सोही दफा १८ चैत २०८२ देखि लागु भएको हो । त्यस अनुसार १७ चैतभित्र त्यस्ता सहकारी संस्था दर्ता भइसक्नुपर्ने थियो । प्राधिकरणले सहकारी ऐन अनुसार आफूले नियमन गर्ने संस्थालाई दर्ता हुन आह्वान गरेको थियो । तर, ऐनले दिएको समय अवधिमा प्राधिकरणको नियमन दायरामा आएका सहकारी संख्या निकै न्यून छ । सहकारी नियमन गर्न तोकिएको नियामक निकाय धेरै भएकाले पनि सहकारी संघसंस्थाले चासो नदिएको एक सहकारी संस्थाका सञ्चालकले बताए । सहकारी संघसंस्थाले प्राधिकरणको उपस्थिति नियमनकारी निकायभन्दा पनि आफ्नै वर्गको एक संस्थाका रूपमा लिएर हेलचेक्र्याइँ गरेको हुन सक्ने सरोकारवालाको भनाइ छ ।

प्राधिकरणले 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरणको मापदण्ड २०८२' जारी गरी १० मंसिर २०८२ देखि




संस्थाहरूको दर्ता तथा अभिलेखीकरणको अनलाइन प्रणाली (एफसीआरएस) सञ्चालनमा ल्याएको थियो । त्यसपछि सबैभन्दा पहिला १६ मंसिर २०८२ मा दर्ताका लागि आह्वान गरेको थियो । २३ माघ २०८२ मा प्राधिकरणले दर्ताका लागि पुन: आह्वान गरेको थियो । त्यसो गर्दा पनि सहकारी संस्थाहरू नआएपछि प्राधिकरणले पुन: २ चैतमा सूचना जारी गरेको थियो । त्यसअनुसार १७ चैतसम्म करिब ११ हजार ७ सय ५५ र त्यसमध्ये २ हजार २ सय ६२ वटा मात्रै दर्ता भइसकेको प्राधिकरणका निर्देशक केशव भट्टराईले जानकारी दिए । प्राधिकरणले १७ चैतसम्म आवेदन दिएका सहकारी संस्थाको अभिलेखीकरण शुल्क बुझाएको र विवरण पेस गरेको भए विवरण रुजु गरी सञ्चालन इजाजतपत्र आगामी १७ वैशाखसम्म जारी गर्ने भनी निर्णय गरेको उनले बताए ।

साथै, उल्लिखित समयावधिमा दर्ता अभिलेखीकरणको आवेदन पेस नभएका सहकारी संस्थाका सन्दर्भमा आवेदन लिने कार्य बन्द भएको प्राधिकरणले जनाएको छ । सोही अनुसार प्राधिकरणले तोकेको समय अवधिमा सञ्चालन इजाजतपत्र पाउने सहकारी संख्या २ हजार २ सय ६२ पुगेको छ । साथै, आवेदन प्रमाणित भई इजाजत जारी हुँदै गरेका सहकारी संख्या ९ सय ५५ रहेको प्राधिकरणले जनाएको छ । त्यसैगरी पूरा विवरण प्रविष्ट गरेका ३ हजार ७ सय ५९ र आंशिक विवरण प्रविष्ट गरेका ४ हजार ७ सय ८९ सहकारी संघसंस्था दर्ता इजाजतपत्र लिने प्रक्रियामा छन् । प्राधिकरणमा दर्ता प्रक्रियामा रहेका सहकारी कुल सहकारी संख्याको एक तिहाइ मात्रै हुन् । सहकारी क्षेत्रमा देखिएको बेथिति नियन्त्रण गर्न सरकारले सहकारी क्षेत्रलाई प्रभावकारी नियमन गर्न अध्यादेश ल्याएको थियो । ऐनले नै गरेको व्यवस्था अनुसार प्राधिकरणले नियमन अभ्यास गर्दा पनि सहकारीले नपत्याएको पूर्वसचिव गोपीनाथ मैनालीले बताए ।

'सहकारी दर्ताको विषयमा जस्तो अवस्था देखियो त्यो हेर्दा सहकारी ऐन कार्यान्वयन गर्न प्राधिकरण नै चाहिएको थिएन भन्ने देखियो,' मैनालीले भने, 'सहकारी विभागले पनि गर्न सक्थ्यो, विश्वमा धेरैजसो देशमा एउटा नियामकले नै काम गरेको अवस्था छ, दुइटा नियामक निकाय भएकाले पनि नीतिगत अस्पष्टता भयो, प्राधिकरण भए सहकारी क्षेत्रमा सुधार आउँछ भनियो तर कानुनको प्रभावकारी कार्यान्वयन जरुरी देखिएन ।' राजनीतिक दल अथवा कुनै व्यक्तिलाई नियुक्ति दिने उद्देश्य राखेर संस्था स्थापना गरेर समस्या समाधान नहुने उनको तर्क छ । 'पहिला पनि ऐन नियमावलीका केही प्रावधान सहकारी अभियानकर्मीहरूले लागु नै गर्न दिएनन्,' मैनालीले भने, 'राज्यले जारी गरेको ऐनलाई पनि कार्यान्वयन गर्न अनाकानी गरिरहे, सहकारी संघ, सञ्चालक, मुख्य कारोबार लगायत विषयमा उनीहरूले मान्दै मान्दैनन्, त्यसकारण अहिले पनि पालना नगरे हुन्छ भन्ने भएको छ ।'

विगतका ठूला राजनीतिक दलका भ्रातृ संगठनका रूपमा सहकारी संस्थाहरूले काम गरिरहेको समेत उनले बताए । शक्तिशाली अभियानकर्मी भएकाले प्राधिकरणलाई किन मान्नुपर्‍यो त भन्ने किसिमको अहम सहकारी सञ्चालकमा आएको हुन सक्ने उनको भनाइ छ । 'सहकारी क्षेत्रको सकभर कानुनी दायरामा नजाऔं भन्ने किसिमको मनोविज्ञान पनि छ,' उनले थपे, 'त्यस्तो मनोविज्ञान धेरैजसो ठूला सहकारीमा छ, त्यसले गर्दा नियमन प्राधिकरणले पनि राम्रोसँग गर्न सकेन, जुन समय दिएको थियो त्यसमा दर्ता हुन नआएपछि खारेज गर्छु भनेर एउटा सूचना दिने सात दिनको, त्यसपछि पनि नआएको खण्डमा प्रक्रियामा आएनन् भनेर सबैलाई खारेज गरिदिने हो ।'

प्राधिकरणले खारेज गर्न सकेन भने सहकारी सञ्चालकले पेलेका हुन् भन्दा फरक नपर्ने मैनालीका बुझाइ छ । 'नियम कानुनका प्रावधान आफूअनुकूल हुँदा पालना गर्ने, आफूअनुकूल नहुँदा पालना नै नगर्ने,' उनले भने, 'यो सहकारीको सिद्धान्त अनुसार भएन, हाम्रो अपेक्षा अनुसार भएन भनेर अभियानकर्ताले आफूखुसी व्याख्या गर्ने प्रचलन भएकाले पनि समस्या जटिल बनेको हो ।'

प्राधिकरणमा दर्ता हुनेबारे समयमा खबर नपाएकाले पनि दर्ता प्रक्रियामा नआएको गुनासो कतिपय संस्थाबाट आएको प्राधिकरणका निर्देशक भट्टराईले बताए । 'प्राधिकरणले विभिन्न चरणमा गरेर तीन पटक पटक सूचना प्रकाशन गरेको हो, साथै सहकारी ऐनमा पनि २०८२ चैत १७ सम्म दर्ता भइसक्नुपर्ने स्पष्ट व्यवस्था छ,' भट्टराईले भने, 'सबै विवरण अहिले दिँदा प्राधिकरण अनुगमनमा आउँछ र फरक पर्‍यो भने समस्या पर्छ भन्ने मानसिकता सहकारी सञ्चालकमा देखियो ।'

धेरै नियामक निकाय भएकाले पनि सहकारी संस्थाले सबै उस्तै हुन् भनेर गम्भीर रूपमा नलिएको हुन सक्ने भट्टराईको बुझाइ छ । प्राधिकरणले १५ हजार सहकारी दर्तामा आउने अपेक्षा गरेको उनको भनाइ छ । उनले भने, 'सहकारी ऐनअनुसार दर्ता हुन नआउने सहकारीको कारोबार बन्द गर्ने हो ।' धेरै सहकारीले समयमा लेखा परीक्षण नगरेको बताउँदै उनले भित्री कारोबार प्राधिकरणलाई थाहा हुने डरका कारण पनि दर्ताका लागि नआएको हुन सक्ने तर्क गरे । सहकारीलाई संघ, प्रदेश, स्थानीय तह, विभाग र प्राधिकरणले नियमन गर्छन् । तोकिएको समयमा पनि सहकारी दर्तामा नआएपछि प्राधिकरणले सहकारी ऐन संशोधन गरेर सहजीकरण गर्न मन्त्रालयलाई पत्राचार गरेको उनको भनाइ छ ।

*स्रोत : अनलाइनखबर ।*

# हेटौँडामा जेसीजको 'लिडरसीप कन्क्लेभ २०२६'

समाज संवाददाता

हेटौँडा : युवामा नेतृत्व क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित लिडरसिप कन्क्लेभ २०२६ शनिबार हेटौँडामा सम्पन्न भएको छ । जेसीआई हेटौँडाको आयोजना तथा हेटौँडा उपमहानगरपालिकाको सहकार्यमा होटल स्मारकमा कार्यक्रम भएको हो ।

'प्रेरक व्यक्तित्व र परिवर्तनकारी व्यक्तिसँग सिक' भन्ने मूल नारासहित आयोजित कन्क्लेभमा विभिन्न क्षेत्रका वक्ताहरूले नेतृत्व, उद्यमशीलता, सामाजिक उत्तर दायित्व र व्यक्तिगत विकासका विषयमा आफ्ना अनुभव तथा विचार प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथिका रूपमा प्रतिनिधि सभामा ईलाम क्षेत्र नं. १ बाट निर्वाचित यूवा सांसद निस्कल राईको सहभागिता रहेको थियो । त्यसैगरी जेसीआई वर्ष २०२६ का उपाध्यक्ष रजनी थापा र मिस नेपाल अर्थ २०१८ प्रिया सिग्देलको सहभागिता रहेको थियो ।

कार्यक्रमअन्तर्गत उद्योगपति स्वागत राज प्याकुरेल र मेकवेजका संचालक एवम् एडकल्वका अध्यक्ष विधानराज भण्डारीले प्रेरक प्रसंग प्रस्तुत गर्नुभएको थियो । सामाजिक अभियन्ता मामाघर नेपालका संस्थापक अर्पण पराजुलीले नेतृत्वसम्बन्धी कार्यशाला सञ्चालन गर्नुभयो । कार्यक्रम संयोजक प्रविण श्रेष्ठले युवाको नेतृत्व क्षमता विकासमा सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम गरिएको बताउनुभयो । कार्यक्रमका सभाअध्यक्ष जेसिआई हेटौँडाका अध्यक्ष सन्तोष पराजुलीले युवालाई सकारात्मक सोचसहित समाज परिवर्तनमा अग्रसर हुन प्रेरित गर्दै जेसिआई हेटौंडाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो । कार्यक्रममा युवा, उद्यमी, विद्यार्थी तथा विभिन्न क्षेत्रका सरोकारवालाको उल्लेख्य सहभागिता रहेको आयोजकले जनाएको छ ।

## मलमल प्याकेजिङ्ग उद्योग प्रा. लि.

**सूचना सूचना सूचना**

यस मलमल प्याकेजिङ्ग उधोग प्रा. लि. हेटौडा-४ मकवानपुर बाट उत्पादनको मूल्य यहि मिति २०८२/१२/२९ गते बाट लागु हुने गरि निम्न अनुसार कायम गरिएको सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रसारित गरिएको छ ।

| विवरण | उद्योगको बिक्री मूल्य | डिलरको बिक्री मूल्य | थोक बिक्री मुल्य | खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|
| मलमल छाप चुना सुर्ती | रु.४५०/- | रु.४६०/- | रु.५१०/- | रु.५५०/- |

**पुनश्च**: प्रति पौच उपभोक्ता मूल्य रु. २५/- कायम गरिएको छ ।
नोट : उपरोक्त मुल्यमा सम्पूर्ण कर हरु समाबेस गरिएको छ ।
चेतावनी : सुर्ती जन्य पदार्थ स्वस्थको लागि हानिकारक छ ।

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
**समृद्ध समाज राष्ट्रिय दैनिक**
हेटौंडा-४, मकवानपुर




- खाना पकाईसक्ने बितिकै आगो निभाइहालौं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास चुहिन नदिऔं।
- सलाई, लाइटर बालबालिकाले भेट्ने ठाउँमा नराखौं।
- गोठमा धुँवा पकाइसकेपछि राम्ररी पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । यसको आगो राम्ररी निभाऔं।
- धूपबत्ती, दियो बाल्दा नजिकै तेल, कागज र कपडाजस्ता बस्तु नराखौं।
- बिजुलीका तार,प्लग, स्वीच वा वायरिङ नियमित जाँच गरौं।
- मल्टिप्लग, पानी तताउने किट्ली, टिभी लगायत उपकरण काम सकिने बित्तिकै बन्द गरौं।
- खेतबारीमा आगो लगाउने काम नगरौं।
- जोखिममा रहेको घरवस्ती नजिकै कुनै तरिकाले पानीको जोहो गरौं। सेउला, माटो, बालुवा थुपारेर राखौं।
- स्थानीय तहले फायर पम्प लगायतका आगलागी नियन्त्रण गर्ने उपकरणको जोहो गरौं।

जनहितका लागि
**समाज राष्ट्रिय दैनिक**
हेटौंडा, मकवानपुर

# नयाँ वर्षदेखि हेटौँडाको ५ नम्बर वडा कार्यालय आफ्नै भवनमा



*हेटौँडा-५ को नवनिर्मित वडा कार्यालय भवन ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर ५ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ । अहिलेसम्म भाडाको घरमा सञ्चालन हुँदै आएको वडा कार्यालय अब आफ्नै भवनमा सञ्चालन हुनेछ ।

हेटौँडा-५ स्थित राईटोलमा रहेको डेढ कठ्ठा सार्वजनिक जग्गामा वडा कार्यालयको भवन निर्माण भएको वडा अध्यक्ष सुशील घिमिरेले जानकारी दिनुभयो । बागमती प्रदेश सरकार, हेटौँडा उपमहानगरपालिका र वडाको संयुक्त लगानीमा १ करोड ६ लाख रुपैयाँको लागतमा १२ कोठाको भवन निर्माण सम्पन्न भएको हो ।

स्थानीय उपभोक्ता समितिद्वारा गत वर्ष माघ महिनादेखि सुरु भएको निर्माण कार्य यहि चैत महिनामा आएर सम्पन्न भएको वडा अध्यक्ष घिमिरेले बताउनुभयो । बैशाख १ गते नयाँ वर्षको अवसरमा नगरप्रमुख मीनाकुमारी लामाले नवनिर्मित भवनको उद्घाटन गर्नुहुनेछ । उद्घाटनपछि वडा कार्यालय आफ्नै भवनबाट सञ्चालन हुने वडाध्यक्ष घिमिरेले जानकारी दिनुभयो । हेटौँडा उपमहानगरका १९ वटा वडा मध्ये वडा नम्बर २ र १६ को कार्यालय भाडाको घरमा सञ्चालन भइरहेको छ । वडा नम्बर ६ को कार्यालय पनि आधा भाडाकै घरमा सञ्चालनमा रहेको छ ।

# टोली हेगन पार्कको साधारण सभा सम्पन्न

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१० स्थित डा. टोनी हेगन स्मृति पार्क विकास मञ्चको पाँचौं साधारण सभा शनिबार सम्पन्न भएको छ । डा. टोनी हेगन पार्क परिसरभित्र रहेको जेष्ठ नागरिक दिवा सेवा केन्द्रको सभाहलमा साधारणसभा सम्पन्न भएको हो । मञ्चका अध्यक्ष इन्द्रप्रसाद नेपालको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले विदेशमा १५-१५ मिनेटको दूरीमा पार्क रहेको बताउनुभयो । पार्कमा स्थानीयले अपनत्व लिनुपर्ने बताउनुहुँदै नगर प्रमुख लामाले पार्कको कार्यसमितिमा महिलाको सहभागिता बढाउनुपर्ने बताउनुभयो । पार्कका सल्लाहकार समेत रहनुभएका अग्रज पत्रकार प्रताप बिष्टले डा. टोनी हेगन नेपालको विकास विज्ञ भएकोले उहाँको सम्मानमा सामाजिक एवम् विकासको क्षेत्रमा उल्लेख्य काम गर्ने व्यक्तिहरूलाई सम्मान गर्नुपर्ने सुझाव दिनुभयो । वडाध्यक्ष फुर्वा दोर्जे लामाले १० नम्बर वडामा एक घर एक दूर्व्यसनी हुन थालेकोले लागूऔषध दूर्व्यसन रोक्ने उपाय पत्ता लगाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल उद्यान महासंघका केन्द्रीय उपाध्यक्ष रघुनाथ खुलाल, पार्कका सल्लाहकार सिद्धिलाल श्रेष्ठको पनि आतिथ्य रहेको थियो । डा. टोनी हेगन पार्कका अध्यक्ष इन्द्रप्रसाद नेपालले पार्कमा नेपाली मौलिकता झल्कने सत्तल, ढुङ्गेधारा निर्माण गरिएको जानकारी दिनुभयो । साधारणसभामा मञ्चका सचिव रामप्रसाद शर्माले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन, कोषाध्यक्ष ज्ञानेन्द्र कार्कीले प्रस्तुत गर्नु भएको आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक गणेशमान श्रेष्ठले प्रस्तुत गर्नुभएको लेखा समितिका प्रतिवेदनहरु पारित गरिएको छ ।

# मनहरीमा ३७ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडा : केदारेश्वर युवा क्लबको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । शनिबार मकवानपुरको मनहरी गाउँपालिका-९, रजैयामा क्लबले नयाँ वर्षको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा ९ नम्बर वडा कार्यालयको समन्वय र नेपाल रेडक्रस सोसाइटी हेटौँडाको सहकार्य रहेको थियो । यसअघि शुक्रबार हेटौँडा-१३, पदमपोखरीस्थित महिला मिलन बचत तथा ऋण सहकारी संस्थाले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । सहकारीको स्थापना दिवसको अवसरमा शुक्रबार आयोजित कार्यक्रममा ३६ जनाले रक्तदन गरेका थिए ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

# औषधी व्यवसायी संघमा बिष्णु




समाज संवाददाता

हेटौँडा : नेपाल औषधि व्यवसायी संघ मकवानपुरको सातौं अधिवेशनबाट अध्यक्षमा विष्णु थापा सर्वसम्मत चयन हुनुभएको छ । शुक्रबार सम्पन्न अधिवेशनले थापाको अध्यक्षतामा १३ सदस्यीय समिति चयन गरेको हो ।

संघको वरिष्ठ उपाध्यक्षमा भरत बहादुर कार्की, थोक उपाध्यक्षमा निलम वैद्य, खुद्रा उपाध्यक्षमा यादव अर्याल, महासचिवमा कृष्णहरि न्यौपाने, कोषाध्यक्ष सलाम सिंह लामा, सचिवमा विनिता बानिया, सह-कोषाध्यक्षमा नरहरी थापा चयन हुनुभएको छ । सदस्यहरूमा तीर्थमान श्रेष्ठ, सुरेश श्रेष्ठ, सचिता पोखरेल, प्रज्ञान घिमिरे, भागवत तिमल्सिना रहनुभएको छ ।

कार्यक्रममा लामो समयदेखि मेडिकल सञ्चालन गर्दै आइरहेका सञ्चालकहरुलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा संगम मेडिकल हलका सञ्चालक मुकुन्द सुवेदी, भुटनदेवी मेडिकल हलका सञ्चालक भुलेन्द्र चौधरी र मिलन फार्मेसीका सञ्चालक मिलन लामा रहेका छन् । यस्तै कार्यक्रममा मृत्यु भएका संघका सदस्य सरस्वती स्वराइलीको परिवारलाई आर्थिक सहयोग गरिएको थियो । संघका केन्द्रिय अध्यक्ष प्रकाश खण्डेवालको प्रमुख आतिथ्य तथा संघका अध्यक्ष नारायणलाल श्रेष्ठको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन कार्यक्रममा संघका बागमती प्रदेश अध्यक्ष ध्रुव नारायण श्रेष्ठ, उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष प्रमोद सिंह रानाभाट लगायतको उपस्थिति रहेको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# सुनचाँदी व्यवसायी संघको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौँडाः मकवानपुर सुनचाँदी व्यवसायी संघको ११ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइलीको प्रमुख आतिथ्य तथा मकवानपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन शाक्यको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा बोल्दै सहभागीहरुले नेपाल सरकारले लगाउदै आएको २ प्रतिशत बिलासिता शुल्क र मूल्य अभिवृद्धि कर हटाउनुपर्ने माग गरेका छन् । यस्तै, १० लाखभन्दा बढी मूल्यको सुन तथा चाँदीको गहनाहरु खरिद गर्दा खरिदकर्ताको सो रकमको स्रोत खुलाउनुपर्ने नियमका कारण काम गर्न असहज भएको गुनासो गरेका छन् । कार्यक्रममा संघका सदस्यहरुको परिवारबाट अघिल्लो बर्ष एसईईमा उत्तीर्ण भएका ६ जना विद्यार्थीहरुलाई जनही २ हजार ५ सयका दरले रकमसहित सम्मान गरिएको थियो ।

कार्यक्रममा हेटौँडा उपमहानगरपालिका वडा नं १० का अध्यक्ष फुर्वा दोर्जे लामा, मकवानपुर उद्योग वाणिज्य संघका सचिव कुलप्रसाद चौलागाईं, मकवानपुर सुनचाँदी व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष गोपीलाल विश्वकर्मा, द्वितीय उपाध्यक्ष विजय विश्वकर्मा, सचिव राजकुमार विश्वकर्माको आतिथ्य थियो । कार्यक्रममा संघको काठमाडौं, भक्तपुर, ललितपुर, चितवनलगायत अन्य जिल्लाहरुबाट समेत सदस्यहरुको उपस्थिति थियो ।

# दिव्यज्योति आवि र प्रगति मावि मर्ज

समाज संवाददाता

हेटौँडाः हेटौँडा-९ स्थित प्रगति माध्यमिक विद्यालय र दिव्यज्योति आधारभूत विद्यालय मर्ज भएका छन् । हेटौँडा उपमहानगरपालिका नगर शिक्षा समितिको गत फागुन ३० गतेको बैठकले यी दुबै विद्यालय मर्ज गर्ने निर्णय गरेको थियो ।

आउँदो शैक्षिक सत्र २०८३ देखि दुबै विद्यालय मिलाएर प्रगति माविकै नामबाट सञ्चालित हुनेछ । प्रगति माविमा हाल १ हजार २ सय ५० जना विद्यार्थी अध्ययनरत छन् भने दिव्यज्योतिमा १ सय ९३ जना विद्यार्थी रहेका छन् । यस्तै, प्रगतिमा ५० जना र दिव्यज्योतिमा १० शिक्षक र कर्मचारी कार्यरत छन् ।

विद्यालयले आवश्यकता अनुसार निर्णय गरेर कर्मचारीहरुको व्यवस्थापन गर्ने प्रगति माध्यमिक विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले बताउनुभयो । उहाँका अनुसार साबिकको दिव्यज्योतिको भवनमा प्रगति माविको ब्लक 'डी' सञ्चालन हुनेछ । उक्त ब्लकमा यातायात सुविधासहित प्ले ग्रुप र नर्सरीदेखि कक्षा ३ सम्मको पठनपाठन सञ्चालन हुनेछ ।

वृहत विद्यालयको अवधारणाअनुसार विद्यालयलाई मर्ज गरिएको र प्रभावकारी व्यवस्थापन भए अझै राम्रो हुने प्रधानाध्यापक पराजुलीको भनाइ छ । प्राथमिक तहमा विद्यार्थी संख्या कम रहेको भन्दै साना बालबालिकाहरुका लागि अनुकूल पूर्वाधार विकास गरी विद्यार्थी बढाउने प्रयास गरिने उहाँले बताउनुभयो ।

# हेटौँडा फुटबल एकेडेमीले कटारी मेयर कप खेल्ने

समाज संवाददाता

हेटौँडाः हेटौँडा फुटबल एकेडेमीले छैटौं कटारी अन्तर्राष्ट्रिय आमन्त्रित मेयर गोल्डकप फुटबल प्रतियोगिता खेल्ने भएको छ । हेटौँडा फुटबल एकेडेमीले प्रतियोगितामा आज आइतबार नाइजेरियाको जस्त जोहन फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

जिल्ला खेलकुद विकास समिति उदयपुरको आयोजना तथा कटारी नगरपालिकाको सहयोगमा शनिबारदेखि प्रतियोगिता सुरु भएको छ । यस अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगितामा हेटौँडा एकेडेमीसहित ८ वटा टोलीको सहभागिता रहेको छ ।

प्रतियोगिता बैशाख ५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीले ५ लाख रुपैयाँ र उपविजेता टोलीले २ लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# बाल जीवनज्योति माविको शैक्षिक सुधारबारे छलफल



समाज संवाददाता

हेटौँडाः मनहरी-१, मकरीस्थित बाल जीवनज्योति माध्यमिक विद्यालयको शैक्षिक अवस्था सुधार गर्ने विषयमा छलफल सम्पन्न भएको छ । शनिबार विद्यालयको पूर्वविद्यार्थी समाजको आयोजनामा अनौपचारिक छलफल भएको हो ।

पूर्वविद्यार्थी समाजका अध्यक्ष रामशरण रिजालका अनुसार विद्यालयको वर्तमान शैक्षिक अवस्था, चुनौती र आगामी दिनमा अपनाउनुपर्ने सुधारका रणनीतिहरुका बारेमा छलफल केन्द्रित रहेको थियो । कार्यक्रममा वडाध्यक्ष शिवप्रसाद खनाल, विद्यालयका प्रतिनिधिहरु तथा पूर्वविद्यार्थी समाजका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

विद्यालयको शैक्षिक अवस्था सुदृढ गर्ने सम्बन्धमा पूर्वविद्यार्थी समाजले १० दिनभित्र विस्तृत प्रतिवेदन विद्यालयलाई बुझाउने समाजका अध्यक्ष रिजालले बताउनुभयो । उक्त प्रतिवेदन विद्यालयले आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गर्नेछ ।

# प्रतियोगितात्मक हास्यव्यङ्ग्य कार्यक्रम हुने

समाज संवाददाता

हेटौँडाः सिस्नुपानी नेपाल मकवानपुरको आयोजनामा हेटौँडामा हास्यव्यङ्ग्य विशेष प्रतियोगितात्मक कार्यक्रम हुने भएको छ । सिस्नुपानीले एक सूचना जारी गर्दै आगामी बैशाख १९ गते शुक्रबार हेटौँडा उपमहानगरपालिकाको प्रवर्द्धनमा कार्यक्रम हुन लागेको जनाएको छ ।

प्रतियोगितामा मकवानपुर जिल्लाभित्र कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरूले सहभागिता जनाउन सक्नेछन् । प्रत्येक समूहमा न्यूनतम २ देखि अधिकतम ५ जनासम्म सहभागी हुन पाउने र आवश्यक सामग्री आफैं व्यवस्थापन गर्नुपर्नेछ । कार्यक्रममा सहभागिताका लागि विद्यालयको सिफारिस पत्र अनिवार्य गरिएको छ ।

कार्यक्रममा सामाजिक, राजनीतिक, आर्थिक तथा प्रशासनिक विकृतिविरुद्ध व्यङ्ग्य प्रस्तुत गर्न सकिनेछ । साथै, बोलीचाली र शारीरिक हाउभाउ (व्यवहार) मार्फत पनि प्रस्तुति दिन सकिने जनाइएको छ । धार्मिक, जातीय तथा आपत्तिजनक विषयवस्तु भने प्रयोग गर्न नपाइने आयोजकले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट समूह छनोटका लागि प्रारम्भिक चरणपछि मुख्य प्रतियोगिता सञ्चालन गरिनेछ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश १५ हजार, १० हजार र ७ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा प्रोत्साहनस्वरुप नगद ५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ । पुरस्कार राशि नेपाल सरकारको नियमअनुसार करकट्टी गरी प्रदान गरिनेछ ।

## मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भ हायर पर्चेज लि.को नाममा रहेको बा.प्र. ०३-००६ प ४७८६ नम्बरको कालो रङ्गको २०० एनएस सिसीको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A36FX4SCE97118, इन्जिन नम्बर JLXCSE60315) अशरफ अंसारीले २०८२ चैत्र २६ गतेका दिन साँझ ६:०० बजेको समयमा हेटौँडा-४, अजरअमररोडको सिग्मा कम्प्लेक्समा अण्डरग्राउण्डमा पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्क : ९८६५०४९०८६**


## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/०५ गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौँडा-४, मकवानपुर




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ